नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

*इ.प्रा.परिपत्र संख्याः-* ४४६ *मितिः-* २०६२/२/१६

**इजाजतपत्र प्राप्त "क" र राष्ट्रियस्तका "ख" वर्गका बैंक तथा वित्तिय संस्थाहरु ।**

महाशय,

यस विभागबाट विभिन्न मितिमा जारी भएका परिपत्रहरुलाई एकीकरण गरी एकीकृत रुपको परिपत्र जारी गर्दा इ.प्रा. परिपत्रसंख्या ३९४ मिति २०६३।१२।११ को परिपत्रको अन्तिम अनुच्छेदमा उल्लेखित "तर, नेपाल सरकारका मन्त्रालय/विभाग/ कार्यालय, नेपाली सेना, जनपद प्रहरी र सशस्त्र प्रहरीबाट कुनैपनि प्रयोजनको लागि विदेशी मुद्राको सटही सुविधा माग भइ आएमा उक्त निकायको माग अनुसारको रकम (भुक्तानी माध्यमसमेत) तहाँबाट सोझै सटही प्रदान गर्न सकिने छ" भन्ने व्यवस्था नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय, थापाथलीको हकमा मात्र लागु हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।

भवदीय,

(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक

वोधार्थ:

१. गभर्नरको कार्यालय ।
२. डेपुटी गभर्नरको कार्यालय ।
३. बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
४. बैंक सुपरिवेक्षण विभाग ।
५. वित्तीय संस्था सुपरीवेक्षण विभाग ।
६. नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय ।
७. नेपाल बैंकर्श संघ ।